नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ५४७ मिति :- २०६७/६/१९

श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरु तथा इजाजतपत्रप्राप्त "क" र राष्ट्रिय स्तरका "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरू ।

विषय :- इ.प्रा.परिपत्र संख्या ५४० उपर संशोधन सम्बन्धमा ।

महाशय,

यस बैंकबाट मिति २०६७/४/२५ मा जारी गरिएको इ.प्रा.परिपत्र संख्या ५४० मा देहाएबमोजिम संशोधन गरिएकोले सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

(१) इ.प्रा.परिपत्र संख्या ५४० को खण्ड (ग) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थप गरिएको छ ।

"खण्ड (क), (ख) र (ग) मा जुनसुकै कुरा लेखिएको भएतापनि खण्ड (क), (ख) र (ग) बमोजिमको मौज्दात नरहेका वा त्यस्तो मौज्दात रहेपनि अमेरिकी डलर २ लाखभन्दा कम भएका बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो अन्तर्राष्ट्रिय भुक्तानी कारोवार संचालन गर्ने प्रयोजनका लागि न्यूनतम अमेरिकी डलर २ लाखसम्म विदेशी विनिमय मौज्दातको रुपमा आफूसँग राख्न पाउने छन् ।"

(२) इ.प्रा.परिपत्र संख्या ५४० को खण्ड (घ) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गरिएको छ ।

"खण्ड (घ) मा जुनसुकै कुरा लेखिएको भएतापनि इ.प्रा.परिपत्र संख्या ५४० जारी हुनु अघि बैंक तथा वित्तीय संस्थाहरूले गरेका एक वर्षभन्दा बढी अवधिका लगानीलाई परिपक्व नभएसम्म कायम राख्न सक्ने छन् ।"

(३) इ.प्रा.परिपत्र संख्या ५४० को खण्ड (ङ) खारेज गरिएको छ ।

भवदीय,

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि.तथा.नि.वि.महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४ श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५. श्री बैंक सुपरिवेक्षण विभाग ।
६. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
७. श्री सूचना प्रविधि विभाग :- यस विभागको वेभ साइटमा राखिदिनु हुन ।
८. श्री नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, काठमाण्डौ ।
९. श्री नेपाल विकास बैंक संघ, काठमाण्डौ ।